# ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित कार्यक्रमहरूको वि.सं. २०८२ साल पुस मसान्तसम्मको प्रगति विवरण

## १. ब्रोडब्याण्ड एक्सिस नेटवर्क परियोजना (१८ वटा प्याकेजहरू) सम्बन्धमाः

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी ब्रोडब्याण्ड एक्सिस नेटवर्क बनाई ब्रोडब्याण्ड इन्टरनेट सेवा उपलब्ध गराउन १८ वटा प्याकेजहरू मार्फत ७४ जिल्लाहरूका तोकिए स्थानहरूमा ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान कार्य सम्पन्न भएको र उक्त परियोजनाको विवरण यस प्रकार रहेको।

| विवरण | स्थानीय तह (पालिका)को कार्यालय | वडा कार्यालय | माध्यमिक विद्यालय | स्वास्थ्य संस्था | कुल संख्या | भुक्तानी भएको रकम(रु.)(VAT सहित) |
|---|---|---|---|---|---|---|
| इन्टरनेट जडान सम्पन्न भएको | ७०८ | ५९३३ | ५३१८ | ४२४९ | १६,२०८ | ५,४३,७२,९३,१६९।४२ |

## २. भुकम्प प्रभावित ८ जिल्लाहरू (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा)मा ब्रोडब्याण्ड सेवाको स्तरोन्नती गर्ने कार्यक्रम सम्बन्धमाः

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित परियोजनाहरू मध्ये भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरू (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) का सबै स्थानीय तहका कार्यालयहरू, वडा कार्यालयहरू, सामुदायिक माध्यमिक विद्यालयहरू तथा सामुदायिक स्वास्थ्य संस्थाहरूमा ब्रोडब्याण्ड इन्टरनेट सेवाको स्तर उन्नति गर्ने तथा सामुदायिक आधारभूत विद्यालयहरूमा ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान गर्ने कार्यक्रम अन्तर्गत ७६ वटा स्थानिय तहहरू मध्ये ७३ वटा स्थानिय तहहरूसंग समझदारी-पत्रमा हस्ताक्षर भएको र उक्त कार्यक्रमको प्रगति यस प्रकार रहेको।

| कार्य सम्पन्न भएका स्थानिय | पालिकाको कार्यालय/ वडा | सामुदायिक विद्यालयको संख्या | सामुदायिक स्वास्थ्य संस्था/अस्पतालको संख्या | कुल संख्या | भुक्तानी भएको रकम(रु.)(VAT सहित) |
|---|---|---|---|---|---|

| तहहरूको संख्या | कार्यालयको संख्या | | | | |
|---|---|---|---|---|---|
| ५३ | ५२५ | २३६० | ६४३ | ३५२८ | १७,५७,४९,४९५।८६ |

**३. काठमाडौं उपत्यका तथा भुकम्प प्रभावित ८ जिल्लाहरू बाहेकका ६६ जिल्लाका सामुदायिक अधारभूत विद्यालयहरूमा ब्रोडब्याण्ड पुर्‍याउने कार्यक्रम सम्बन्धमाः**

भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरू (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) र काठमाडौं उपत्यका बाहेकका ६६ जिल्लाहरूका सबै सामुदायिक आधारभूत विद्यालयहरूमा ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान तथा सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत ६५६ वटा स्थानिय तहहरू मध्ये ३६२ वटा स्थानिय तहहरूसंग समझदारी-पत्रमा हस्ताक्षर भएको र उक्त कार्यक्रमको प्रगति यस प्रकार रहेको।

| कार्य सम्पन्न भएका स्थानिय तहहरूको संख्या | सामुदायिक आधारभूत विद्यालयको संख्या | भुक्तानी भएको रकम(रु.)(VAT सहित) |
|---|---|---|
| १३५ | ४०१२ | २३,४६,३२,९५६।८२ |

**४. मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमूकाम जोड्ने सूचना महामार्ग परियोजनाः**

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माण गर्ने कार्यलाई तीनवटा प्याकेजहरू मार्फत अगाडी बढाईएको र उक्त परियोजनाको प्रगति विवरण यस प्रकार रहेको।

**क. प्याकेज १ (कोशी प्रदेश, मधेश प्रदेश र बागमती प्रदेश):**

उक्त प्याकेजका लागि सेवा प्रदायक श्री नेपाल दूरसञ्चार कम्पनी लिमिटेड संग सम्झौता भएको। यस प्याकेज अन्तर्गत कोशी प्रदेश अन्तर्गतको कार्य सम्पन्न भईसकेको, मधेश प्रदेश र बागमती प्रदेशको सम्बन्धमा विभिन्न Force Majeure र कारणहरूले सम्पन्न हुन नसकेको रुटहरूको Scope Change को लागि उक्त सेवा प्रदायकले सर्बे सम्पन्न गरी सम्बन्धित निर्माण व्यवसायीसंग भएको सम्झौता संशोधनको क्रममा रहेको। यस प्याकेज अन्तर्गत देहाय बमोजिम कार्य प्रगति भएको।

| क्र.सं. | विवरण | लक्ष्य | भौतिक प्रगति | वित्तिय प्रगति |
|---|---|---|---|---|
| १ | अप्टिकल फाईबरको दूरी (कि. मी.) | २१७९ | १४४९।४४६ | १,६९,१८,६७,०५६।६८ (भन्सार महशुल सहित) |
| २ | DWDM System | २४ | २३ | |
| ३ | Core Router Equipment | ४६ | ४५ | |

**ख. प्याकेज २ (गण्डकी प्रदेश र लुम्बिनी प्रदेश):**

उक्त प्याकेजका लागि सेवा प्रदायक श्री युनाइटेड टेलिकम लिमिटेड संग मिति २०७४/०१/२५ गते २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजको सम्झौता बमोजिम कार्यको प्रगति शुन्य रहेको हुँदा आयोजना सम्पन्न हुनेमा प्राधिकरण विश्वस्त नभएकोले सम्झौताको म्याद थप नगर्ने निर्णय भएको। उक्त निर्णय बदर गर्नको लागि सर्वोच्च अदालतमा रिट निवेदन दायर भएकोमा मिति २०८०।१०।२३ मा उक्त रिट खारेज भएको। सो पश्चात उक्त सेवा प्रदायकलाई अग्रिम भुक्तानी जमानत बापत उपलब्ध गराईएको मोबिलाईजेसन पेश्की रकम रु.४०,२०,००,०००/-(अक्षरुपी चालिस करोड बिस लाख मात्र) र कार्य सम्पादन जमानत बापतको रकम रु.१०,०५,००,०००/-(अक्षरुपी दश करोड पाँच लाख मात्र) जफत गरिएको। हाल उक्त प्रदेशहरूमा मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माण गर्ने कार्यको लागि सेवा प्रदायक श्री नेपाल दूरसञ्चार कम्पनी लिमिटेड मार्फत गर्ने गरी नेपाल सरकारबाट दूरसञ्चार ऐन, २०५३ को दफा २० बमोजिम निर्देशन प्राप्त भएको। उक्त निर्देशनलाई कार्यानवयन गर्नका लागि यस प्राधिकरण र सेवा प्रदायक श्री नेपाल दूरसञ्चार कम्पनी लिमिटेड बीच समझदारी पत्रमा हस्ताक्षर गरिएको। उक्त सेवा प्रदायकबाट विस्तृत परियोजना प्रतिवेदन (DPR) को कार्य भईरहेको।

**ग. प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश):**

उक्त प्याकेजका लागि सेवा प्रदायक श्री नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसंग सम्झौता भएको। यस प्याकेज अन्तर्गत देहाय बमोजिम कार्य प्रगति भएको।

| क्र.सं. | विवरण | लक्ष्य | भौतिक प्रगति | वित्तिय प्रगति |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | अप्टिकल फाईबरको दूरी (कि. मी.) | ११५४ | ६५२ | ३०,६७,२७,०२७।७८ (VAT बाहेक) |
| २ | DWDM System | २८ | २३ | |
| ३ | Core Router Equipment | ५६ | ४६ | |
| ४ | माईक्रोवेभ स्पटको संख्या | २१ | २० | |

**५. ब्रोडब्याण्ड नेटवर्क विस्तार गर्ने सम्बन्धमाः**

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी "ब्रोडब्याण्ड नेटवर्क नपुगेका गाँउपालिका तथा नगरपालिकाको कार्यालयहरू तथा वडा कार्यालयहरूसम्म अप्टिकल फाइबर, Wireless, VSAT लगायत प्रविधि मार्फत ब्रोडब्याण्ड नेटवर्क सेवा विस्तार गर्ने।" योजना अन्तर्गत सबै स्थानीय तहहरूमा हालको ब्रोडब्याण्ड सेवाको अवस्थाको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशन गरी तथ्यांक संकलन गरी अध्ययन भईरहेको। साथै, सेवा प्रदायकहरूबाट समेत सबै स्थानीय तहहरूमा हालको ब्रोडब्याण्ड सेवाको अवस्थाको विवरण संकलन गर्ने क्रममा रहेको।

**६. दूरसञ्चार सेवाको पहुँच विस्तार गर्ने सम्बन्धमाः**

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी "मोबाईल सेवा नपुगेका लोकमार्ग, दुर्गम क्षेत्र, उच्च पहाडी तथा हिमाली जिल्ला र सीमा क्षेत्रमा मोबाईल सेवा विस्तार गर्ने। साथै, आवश्यकता अनुसार Tower, Power, Shelter, Microwave Radio, उपकरणहरु लगायतका पूर्वाधार निर्माण/ आपूर्ति गर्ने/ गराउने।" योजना अन्तर्गत आवश्यक अध्ययन भई 2G तथा 4G सेवा विस्तारको लागि प्रक्रियामा रहेको।

**नेपाल दूरसञ्चार प्राधिकरण**

जमल, काठमाडौं

फोन नं: ०१-५३५५४७४, फ्याक्स नं: ५३५५२५०

Email: info@nta.gov.np , URL: www.nta.gov.np